मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं । दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

### हेटौंडा अस्पतालमा घन्टौं लाइन

# हटेन समस्या, अघि बढेन योजना

श्रीजना नेपाल



हेटौंडा/हेटौंडा उपमहानगरपालिका-१२ की देवकी अधिकारी छोरालाई जचाउन सोमबार बिहान ९ बजे मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पताल पुगिन् ।

तीन दिनदेखि उच्च ज्वरो र रुघाखोकीले ग्रस्त भएपछि उनले आत्तिँदै छोरालाई इमर्जेन्सी वार्डमा लगिन् । इमर्जेन्सीमा बिरामीको चापले उनको छोराको परीक्षण गर्ने पालो करिब आधा घण्टापछि आयो ।

परीक्षणपछि डाक्टरले छोरालाई भर्ना गर्नुपर्छ भन्दै टिकट काट्न पठाए । देवकीको छोरा एकनासले रोइरहे । तर, इमर्जेन्सी टिकट काट्न लाइन बसेकी उनले दुई घण्टापछि मात्रै पालो पाइन् । छोरालाई धेरै गाह्रो भएको भन्दै उनले आफूलाई अगाडि टिकट काट्न दिन लाइनमा बसेका अरुलाई बिन्ति पनि गरिन् । तर, कसैले सुनेनन् ।

टिकट काटेर हतारिँदै इमर्जेन्सी वार्डमा पुगेकी उनलाई डाक्टरले औषधि ल्याउन भन्दै फेरि पठाए । औषधि लिन उनी छुट्टै दुई घण्टा लाइनमा बसिन् । औषधि लिएर इमर्जेन्सी वार्डमा पुगेपछि डाक्टरले उनले लिएर गएको केही औषधि छोरालाई लगाइदिए । फेरि बिरामीलाई भर्ना गर्नुपर्छ भन्दै अर्को टिकट काट्न पठाए । भर्ना गर्ने टिकट भने उनले आधा घण्टामा नै पाइन् । 'अस्पतालको भीड र लाइनले गर्दा धेरै दुःख पाइयो। धन्न छोराले उपचार पायो,' उनले भनिन्, 'दिनकै यतिका धेरै बिरामी हुने भएपछि अस्पतालले टिकट काट्ने र औषधि लिने काउण्टर थप्नुपर्ने नि ।'

हेटौंडा अस्पतालको औषधि लिने लाइनबाट निस्केर मकवानपुरको मनहरी गाउँपालिका-१ की ७६ वर्षीया सीतादेवी पाण्डे छेउमा टुसुक्क बसिन् । अस्पतालको पर्खाललाई अढेस लगाउँदै उनले भनिन्,'बेक्कार अस्पताल आएछु, बरु घरमा हुँदा यति गाह्रो भएको थिएन । नदुखेको ठाउँ पनि दुखाउन आएछु ।' दम, प्रेसर र थाइराइडको समस्या भएको उनलाई पछिल्लो केही दिनदेखि स्वास्थ्यमा समस्या भएपछि सोमबार परीक्षण गराउन अस्पताल आइपुगेकी थिइन् । बिहान ६ बजे घरबाट हिँडेकी उनले दिउँसो साढे २ बजे मात्र औषधिको लाइनमा बस्न पाइन् ।

'झन् अस्पतालमा धेरै भीडभाड हुन्छ भनेर बुहारीले चाँडै जाऊ भनिन्,'हैरानी पोख्दै उनले भनिन्,'चाँडो गए चाँडो पालो आउला भनेको कहाँ पालो आउनु ।' उनले ६ घण्टासम्म चारवटा लाइन बसेको सुनाइन् । 'सुरुमा टोकन लिन लाइन त्यसपछि टिकट लिन पनि लाइन नै बस्नुपर्‍यो ।', सीता-देवीले दिक्दारी सुनाइन्, 'टिकट काटेर डाक्टरलाई देखाउन पनि लाइन अनि फेरि औषधि लिन पनि लाइन । अब त बिरामी भएर अस्पताल आउनुभन्दा घरमै मर्नु जाती जस्तो भयो ।'

भीमफेदी गाउँपालिका-बाट आएकी ६० वर्षीया राम मायालाई भने उपचार गराएर घर फर्कन नभ्याइने भयो भन्ने चिन्ता थियो । भीमफेदी गाउँपालिकाको पनि विकटमा घर भएकी उनी एकाबिहानै अटो रिजर्भ गरेर उपचार गर्न अस्पताल आइपुगेकी थिइन् । बिहान ९ बजे अस्पतार आइपुगेकी उनी दिउँसो २ बजेसम्म टिकट काट्ने लाइनमै थिइन् । 'उपचार गर्न भनेर त्यति टाढाबाट आइहालें अब उपचार नगराई पनि कसरी फर्कनु ? उनले भनिन्, 'उपचार गराएर जाउँ भने पनि अझै कति लाइन बस्नुपर्ने छ पालो कहिले आउने हो ।'

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालमा दैनिक सयौंको संख्यामा बिरामीको घुइँचो लाग्ने गर्दछ । अस्पततालमा बिरामीको चाप बढिरहेको भए पनि टिकट काट्ने र औषधि दिने काउण्टर भने एउटा मात्रै छ । जसले गर्दा टिकट काट्न र औषधि लिनै बिरामीहरुले घण्टौंसम्म लाइन बस्नुपर्छ । एउटा बिरामी एकपटक उपचार गराउँदा दिनभरि अस्पतालको लाइनमा घुमिरहनुपर्ने बाध्याता छ ।

प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाईंले मौसम परिवर्तन हुन लागेकाले बिरामीको चाप बढेको र बिरामीको चाप बढेको बताए । तर, भौतिक संरचना नभएकाले अहिले नै अर्को काउण्टर र डाक्टर थप्न नसक्ने उनले बताए । 'मौसम परिवर्तन हुन लाग्दा बिरामीको धेरै नै चाप बढेको छ । जसले गर्दा घण्टौंसम्म लाइन बस्नुपर्ने बाध्यता रहेको पनि हामीले देखेका छौं ।', उनले भने,'तर, अहिले नै हामीले अर्को काउण्टर वा डाक्टर थप्न सक्दैनौं।' प्रसाईंले अस्पतालमा बिरामीको चापलाई मध्यनजर गर्दै केही समयअघि मात्रै स्वास्थ्यकर्मीको संख्या थप गरेको बताए ।

अस्पतालको अहिलेको भवनमा काउण्टर थप्ने र डाक्टर बस्ने ठाउँ नभएकाले नयाँ भवन नबनेसम्म समस्याको समाधान नहुने उनको भनाइ छ ।

'मंसिरसम्म अस्पतालको नयाँ भवन बनिसक्छ भनेको छ। त्यसपछि हामी काउण्टर पनि थप्छौं र डाक्टर पनि थप्छौं ।' उनले भनें,'अहिले भने हामीसँग ठाउँ पनि नभएकाले यसलाई व्यवस्थापन गर्न गाह्रो छ ।'

# कांग्रेसमा क्षेत्रीय अधिवेशनको सरगर्मी



साझाकुरा संवाददाता

हेटौंडा/ भदौ २० मा वडा अधिवेशन सकेको नेपाली कांग्रेस मकवानपुर गाउँ-नगरपालिका अधिवेशनमा होमिएको छ ।

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत् गाउँ-नगरपालिका अधिवेशनमा मकवानपुर होमिएको हो । गाउँ-नगरपालिकाको अधिवेशन अन्तर्गतको मकवानपुरको १० स्थानीय तहमा नयाँ नेतृत्व चयन हुने भएको छ ।

भदौ २० गते वडा अधिवेशन गरेको नेपाली कांग्रेस मकवानपुरले वडा अधिवेशनमा मकवानपुरको ८९ वटा वडामा सर्वसम्मतरुपमा नेतृत्व चयन गरेको थियो । यस्तै १३ वडामा मात्र मतदान भएको थियो । वडा अधिवेशन सकिएलगत्तै नेपाली कांग्रेसको गाउँ-नगरपालिका अधिवेशन सरेको थियो । गाउँ-नगरपालिकाको अधिवेशन नजिकिएसँगै धमाधम उम्मेदवारी पनि घोषणा हुन थालेका छन् । कांग्रेस मकवानपुरको पार्टी कार्यालय दैनिक नेता कार्यकर्ताले भरिन थालेका छन् ।

मकवानपुरको बकैया गाउँपालिकाका नेपाली कांग्रेसका सभापति भूमिनन्दन गौतमले पालिकामा केहीले आफ्नो दाबी प्रस्तुत गरेका छन् । उत्तरी मकवानपुरको थाहा नगरपालिकामा पनि यसअघि नै ३ जनाले थाहा नगरको सभापतिमा दाबी गर्ने बताइएको थियो । थाहा नगरमा वर्तमान कांग्रेस सभापति योगेन्द्रमान श्रेष्ठ पनि सभापतिमा दोहोरिनसक्ने संकेत गरेका छन् । यस्तै थाहा नगरका कांग्रेस उपसभापति भरत गोपाली, प्रमोद जोशी, तरुण दलका अध्यक्ष नवराज लामाले सभापतिमा दाबी गरेका छन् ।

मकवानपुरको सबैभन्दा बढी चर्चामा रहने हेटौंडा उपमहानगरपालिकामा समेत ३ जनाले नगर सभापतिमा आफ्नो दाबी गरिसकेका छन् । कांग्रेस हेटौंडा-५ का वडा अध्यक्षसमेत रहेका राजेश बानियाँ, उत्सव इटेनीले आफ्नो दाबी घोषणा गरेका छन् । यस्तै उद्योग वाणिज्य संघ मकवानपुरको अध्यक्ष पदका प्रत्यासीसमेत रहेका महेन्द्र राउत पनि कांग्रेस हेटौंडा नगरको सभापतिमा आउने चर्चा रहेको छ ।

नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत् संशोधित कार्यतालिकाअनुसार यही असोज ९ गते गाउँ-नगरपालिका अधिवेशन, असोज १२ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, असोज १५ गते एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन, कात्तिक १०, ११ र १२ गते प्रदेश अधिवेशन र मंसिर ९, १०, ११, १२ र १३ गते केन्द्रीय महाधिवेशन काठमाडौंमा हुनेछ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

आकर्षक घडेरीहरू बिक्रीमा

हेटौंडा उपमहानगरपालकिा वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा बिक्री वितरण हुदैछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८०२९१४११६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९

दर्ता नं. : २५५८१३/०७७/०७८

HETAUDA HOUSING

हेटौंडा हाउजिङ्ग प्रा.लि.
HETAUDA HOUSING PVT. LTD.

NOW OPEN

तपाई हाम्रो यस सुन्दर नगरी हेटौंडा उपनगरपालिका बासिहरुको लागि खुशीको खबर लिएर आएको छ । नेपाल सरकारबाट स्वीकृत प्राप्त हेटौंडा हाउजिङ्ग कम्पनी ।

विशेषताहरु :

१) घर मै बसि बसि टेलिफोनको भरमा हजुरहरुले चाहेको स्थानमा कोठा उपलब्ध गराउने छ । हेटौंडा उपमहानगरपलिका भित्र ।
२) विना झन्झट कोठा घर फ्ल्याट भाडामा लिन र दिन सक्नुहुनेछ । यस कम्पनी मार्फत ।
३) घर कोठा फ्ल्याटमा आउन सक्ने पानी बत्तिका साना तिना समस्याबाट छुटकारा पाउनु हुनेछ ।
४) भाडामा बस्दा पनि आफ्नै घरमा बसेको अनुभुति हुनेछ ।
५) पारिवारिक वातावरणमा रमाउन सक्नु हुनेछ ।
६) स्कूल कलेजका विद्यार्थीहरुको लागि विशेष सहुलियतमा कोठा भाडामा उपलब्ध छ ।
७) संघ संस्था अफिस, पसल, क्वाटर आदिको लागि पनि घर, कोठा, फ्ल्याट, उपलब्ध गराउने छौं ।
८) घर धनिसँग सिधा सम्पर्क नहुने ।
९) घर जग्गा खरिद विक्रीको लागि पनि सम्पर्क गर्न सक्नुहुनछ । धन्यबाद ।

हाम्रो विशेषताहरू मन पर्छ भने कृपया हामीलाई सम्झनुहोस् हामी तपाईहरुको सेवामा सदैव तत्पर छौं ।

हेटौडा-१, चौकीटोल, मकवानपुर
फोन नं./फ्याक्स : ०५७-५२३३१४
मो.: ९८२४२७१५४४
Viber/Whatassp: +9779824271544
Email: hetaudahousing1@gmail.com

# नेपाली क्रिकेट टोली स्वदेश फिर्ता

हेटौंडा/ आईसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय श्रृंखला खेलेर नेपाली राष्ट्रिय क्रिकेट टोली ओमानबाट आज स्वदेश फर्केको छ । टोलीलाई नेपाल क्रिकेट सै (क्यान) का पदाधिकारीलगायतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए । ओमानमा सम्पन्न श्रृंखलामा नेपालले चार खेलमध्ये दुईमा जित र दुईमा हार बेहोरेको थियो । नेपालले आइतबार भएको अन्तिम खेलमा पहिलो पटक ओमानलाई ७ विकेटले पराजित गर्दै एतिहासिक जित हासिल गरेको थियो ।




Times AutoHub Hetauda
Contact:057-590610, 9855067840

प्रो. महेन्द्र मान श्रेष्ठ ९८४५०३१७०६ शरिदी श्रेष्ठ ९८५५०७०००५ मनिष मान श्रेष्ठ ९८५५०३०५००

अनुश्री गुदपाक एण्ड प्रोभिजनल स्टोर्स
हेटौंडा-४, पारीजातपथ
यहाँ गुदपाक (सुत्केरी मसला) पाईन्छ ।

अब गुदपाक खान काठमाण्डौको कोशेली कुर्नै पर्दैन!!!
शुद्ध घ्यु र खुवामा बनेको गुदपाक अब हेटौंडामै पाईन्छ।
उत्पादकः अनुश्री फुड एण्ड बेभरेज हेटौंडा ८, मकवानपुर

## आवश्यकता ! आवश्यकता !! आवश्यकता

१) **पदः** फिल्ड सुपरभाइजर **संख्याः** ५ जना
**योग्यताः** +2 उत्तीर्ण एवम् कम्प्युटर सम्बन्धि काममा दक्षता भएको ।
२) **पदः** रिसेप्सनिष्ट **संख्याः** १ जना
**योग्यताः** +2 उत्तीर्ण एवम् कम्प्युटर सम्बन्धि ज्ञान र नेपाली टाइप गर्न सक्ने ।
**तलब/सुविधाः** आपसी समझदारीमा तय गरिनेछ ।
नोटः दुई पटका लागि मोटरसाइकल वा स्कूटरको लाइसेन्स अनिवार्य, आफ्नो बायोडाटा इमेल गर्नुहोला ।

**सम्पर्कः हेटौडा हाउजिङ्ग प्रा.लि., हेटौडा-१ चौकिटोल**
Email: hetaudahousing1@gmail.com, subediras64@gmail.com

साझाकुरा

## हाम्रो कुरा

# महामारीपछि बढेको पर्यटन गतिविधि

कोरोना महामारीले मुलुकमा चौतर्फि समस्या मात्र पारेन, व्यवासयिक क्षेत्र धरासायी बन्दै गयो । करिब २० महिना बढी समय कोरोना महामारीले आक्रान्त बन्दा न्यूनीकरणका लागि सरकारले लकडाउन र निषेधाज्ञाले व्यवसायिक क्षेत्रमा बढी असर गऱ्यो । महामारी केहि मात्रामा घटेपछि पर्यटन गतिविधि बढेको तथ्यांकले पुष्टि गरेको छ । आम नागरिक लकडाउन र निषेधाज्ञामा घर, छिमेकबाट बाहिर निस्कन नपाउँदा पिल्सिएको अवस्थामा केहि मनोरञ्जन र नयाँपनका लागि घुम्ने बढेसँगै पर्यटन गतिविधि बढेको पाइन्छ । आन्तरिक पर्यटकका कारण मात्र होइन, विदेशी पर्यटकसमेत नेपाल भित्रिन थालेपछि पर्यटन गतिविधिमा व्यापक सुधार आएको छ । बन्दाबन्दीपछि हालसम्मकै सबैभन्दा धेरै विदेशी पर्यटक मार्च महिनामा नेपाल भित्रिएका छन् ।

अध्यागमन विभागले सार्वजनिक गरेको मार्च महिनाको तथ्याङ्कअनुसार एक महिनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै विभिन्न एक सय ३८ देशबाट १४ हजार नौ ७७ विदेशी नागरिक नेपाल भित्रिएका छन् । तीमध्ये ११ हजार दुई पुरुष र तीन हजार ९६३ महिला र १२ अन्य नागरिक रहेका छन् । विभागको तथ्याङ्कअनुसार एक महिनामा सबैभन्दा धेरै भारतबाट सात हजार ६५८ पर्यटक नेपाल भित्रिएका छन् । जसमा छ हजार १६९ पुरुष, एक हजार ४७७ महिला र १२ अन्य नागरिक रहेका छन् । यसैगरी चीनबाट एक हजार २०७ पर्यटक नेपाल भित्रिएका छन् । जसमा एक हजार २९ पुरुष र १७८ महिला छन् । एक महिनामा अमेरिकाबाट एक हजार ५६ पुरुष र ६४७ महिला गरी एक हजार ७०३ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । विभागको तथ्याङ्कअनुसार गत जनवरीमा आठ हजार ८७४ र फेब्रुअरीमा नौ हजार १४६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । गत फेब्रुअरीको तुलनामा मार्च महिनामा झण्डै पाँच हजार बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । यसैगरी एक महिनामा नौ हजार ५८७ विदेशी पर्यटक स्वदेश फर्किएका छन् । जसमा ६ हजार ६६३ पुरुष, दुई हजार ९१३ महिला र ११ अन्य नागरिक रहेका छन् ।

यस्तै एक महिनामा ४९ हजार पाँच नेपाली विदेश गएका छन् । जसमा चालिस हजार ५६ पुरुष, आठ हजार ८४८ महिला र एक अन्य नागरिक रहेका छन् । एक महिनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै ७१ हजार २७० जना नेपाल भित्रिए भने ५८ हजार ५९२ जना बाहिरिएका छन् । विदेशी पर्यटकको यो आगमनले मुलुकमा पर्यटन गतिविधि मात्र बढेको छैन, आर्थिक बृद्धि, व्यवसायिक चलायमान र आन्तरिक जीवनस्तरमा समेत प्रभाव पारेको छ । यस्ता सबै तथ्याङ्क र समस्यालाई नजिकबाट नियाल्ने हो भने, अब सरकारले महामारीका समयमा व्यवसायिक गतिविधिलाई ठप्प पार्नु हुँदैन । स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर व्यवसायिक गतिविधिलाई सहि ढंगले चलायमान गर्नुपर्ने आवश्यकता छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज ७ गते बिहीबार २३ सेप्टेम्बर २०२१ । भदौ शुक्ल द्वितीया । नंलागा द्वितीया ११४१ । सूर्योदय ५:५२ र सूर्यास्त ५:५९ मा हुनेछ । अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस/तृतीया श्राद्ध ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रेममा सफलता | तुला | : शत्रुबाट मुक्त |
| वृष | : आफन्तजन भेट | वृश्चिक | : मिष्ठान्न भोजन |
| मिथुन | : मित्रजन भेट | धनु | : आलश्यता |
| कर्कट | : धन प्राप्ति | मकर | : सुख प्राप्ति |
| सिंह | : धन नष्ट | कुम्भ | : यात्राको योग |
| कन्या | : शुभ कार्यको थालनी | मीन | : अध्ययनमा बाधा |

# जनगणनामा हिन्दु धर्मको क्षयीकरण



देवेश झा

राष्ट्रिय योजना निर्माण र सामाजिक जीवनलाई महत्वपूर्ण योगदान गर्ने जनगणना पछिल्लो समयमा विवादास्पद तथा अविश्वसनीय हुने गरेको छ ।

धर्मनिरपेक्षताको प्रवेशसँगै हिन्दुधर्मको महलमा कलस्टर थपेर विभाजित गरी संख्यात्मक रूपमा न्यूनतम देखाउने षड्यन्त्रपूर्ण प्रयासले यसपटक पनि निरन्तरता पाएको देखिन्छ।

वि.सं. २०६८ को तथ्यांकअनुसार दश वटा धार्मिक समुदाय छन् हिन्दु, बौद्ध, इस्लाम, किरात, क्रिस्चियन, प्रकृति, बोन, जैन, बहाई र शिख । आगामी जनगणनाको मुख्य प्रश्नावलीमा तिनै धर्मका संकेत (कोड नम्बर) राखिएका छन् । जनसांख्यिक फारामको महलमा 'ले कुन धर्म मान्नु हुन्छ ?' प्रश्न समावेश गरिएको छ । जनगणनाको प्रमुख उद्देश्य जनसंख्याको प्रवृत्ति र विशेषताहरूको बारेमा जानकारी प्राप्त गर्नु र लोककल्याणको लागि योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्न आवधिक रूपमा जनसांख्यिक तथ्यांक तथा सूचक उपलब्ध गराउनु हो ।

केन्द्रीय तथ्यांक विभागले हरेक दश वर्षमा राष्ट्रिय जनगणना गर्दै आएको छ । यस्तो जनगणना वि.सं. १९६८ मा सुरू भएको हो । यसको बाह्रौं शृंखला अर्थात राष्ट्रिय जनगणना, २०७८ आगामी कार्तिक २५ देखि मंसिर ९ मा हुँदैछ । घरपरिवार सूचीकरण सुरु भइसकेको छ । केन्द्रीय तथ्यांक विभागको वेबसाइट अनुसार नेपालको जनसंख्या ३ करोड ४ लाख ६७ नाघिसकेको छ । संघीय संरचनामा जनगणनाबाट प्राप्त हुने तथ्यांक संघ, प्रदेश र स्थानीय तहका सरकारको लागि आधारभूत तथ्यांकको स्रोत हुनेछ ।

राज्यलाई निरन्तर पृष्ठपोषण उपलब्ध गराउन आम प्रयोगकर्ताहरू बुद्धिजीवी, राजनीतिकर्मी, समाजसेवी, सञ्चारकर्मी, उद्योगपति, व्यापारी, प्राज्ञिक वर्ग, जनसंख्या विज्ञ, अनुसन्धानकर्ता, समाजशास्त्री, योजनाकार, अर्थविज्ञ, शिक्षक, विद्यार्थी, लगायत आम नागरिकले जनगणनाबाट प्राप्त तथ्यांक प्रयोग गर्दछन् । यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगतले पनि जनगणनाको तथ्यांक प्रयोग गर्दछन् प्रष्टीकरण केन्द्रीय तथ्यांक विभागको छ । नेपाल सरकारले विगतमा स्थगित जनगणना कार्यक्रम पुन: सञ्चालन गर्ने निर्णयसहित नयाँ कार्यतालिका सार्वजनिक गरेको छ ।

जसअनुसार यही भदौ ३० गतेबाट सूचीकरण गर्दै मूल गणना कात्तिक २५ देखि मंसिर ९ गतेसम्म सम्पन्न गराउने लक्ष्य छ । त्यसपछि विभागले राष्ट्रिय जनगणनाको तथ्यांक प्रशोधन र प्रकाशन गर्नेछ । राष्ट्रिय योजना निर्माण र सामाजिक जीवनलाई महत्वपूर्ण योगदान गर्ने जनगणना पछिल्लो समयमा विवादास्पद तथा अविश्वसनीय हुने गरेको छ ।

जनगणनामा तथ्यांक संकलनको क्रममा पूर्वाग्रही ढंगले प्रभावित तुल्याउने गरेको शंका पनि हुने गरेको छ । जनगणनामा प्रस्तुत लामो विवरण मध्ये जनसंख्या, धार्मिक आस्था र जातीय क्लस्टरबारे जनताको बढी चासो हुनेगर्दछ । यस परिप्रेक्ष्यमा धर्मनिरपेक्षतालाई औपचारिक बनाइएपछि हिन्दु धर्मावलम्बीहरूको घट्दो विवरण आफैँमा अनौठो बन्दै गएको देखिन्छ । वि.सं. २०६८ को जनगणना भन्दा पहिले कायम रहेका हिन्दुहरूलाई त्यसपटकदेखि बोन, प्रकृति पूजक लगायतमा विभाजित गरिएको थियो जसलाई यस पटकबाट 'मस्टो' पनि थपिएको छ । समाजवादको नाममा वामपन्थीकरण हुँदै गरेको राजनीतिले हिन्दुत्वप्रति कठोर रवैया अवलम्बन गरेको देखिन्छ ।

धर्मलाई अफीम मान्ने तथाकथित स्वघोषित अग्रगमनकारीहरूले हिन्दु आस्थालाई प्रतिकारको विषय बनाएका छन् । बितेको साउनमा नदीमा अर्पण गरिएको दूधबारे पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले ट्वीटरमार्फत कटाक्ष गरे । हुनत डा. भट्टराईले हिन्दुत्वप्रति कटाक्ष गर्नु कुनै नौलो कुरा होइन । यसको आलोचना गर्दै धेरैले उनको दिल्ली स्थित जवाहरलाल नेहरू विश्वविद्यालय सँगको विशेष साइनोलाई कारक मान्ने गरेका छन् ।

साउनमा हरियो घाँसपातमा कीट फट्यांग्रहरूको व्यापक वृद्धि हुने गर्दछ । आयुर्वेद अनुसार गाईभैंसी लगायतका पशुले सो खाने गर्दा उनीबाट उत्पादित दूधमा विषाणु बढेको हुनाले उक्त दूध र दुग्धजन्य उत्पादहरू खान निषेध गरिन्छ । यस अतिरिक्त वर्षायाममा दूधमा अम्लपित्त पनि बढेको हुन्छ । त्यसर्थ विषतुल्य दूध खाँदा लाग्न सक्ने रोगबाट जोगाउन तर निरर्थकरूपमा दूध ृयाँकिनबाट रोक्न हाम्रो पूर्वजले त्यसको व्यवस्थापन गर्न सिकाएका हुन् ।

यसरी नदीमा प्रवाहित गरिएको दूधलाई जलमा रहेका जीवजन्तुले उपभोग गर्न पाउँछन् । दुर्भाग्य ! हाम्रा परम्पराहरूको अध्ययन गर्न सक्ने विज्ञान पढाइँदैन, जुन पढाइन्छ त्यसले हाम्रो परम्परा बुझ्न सक्दैन । हाम्रा परम्परा र संस्कृति विज्ञानसम्मत छन् र हामी सदैव वैज्ञानिक जीवनयापन गर्दै आएका छौं । यसैगरी पछिल्लो पटक डा. भट्टराईले निर्माण कार्यका देवता विश्वकर्माबारे विवादास्पद ट्वीटर टिप्पणी गरे अनि कडाप्रतिवाद पनि पाए । नेपाली कांग्रेसको महाधिवेशनमा सभापतिका लागि उम्मेदवारको रूपमा आफूलाई प्रस्तुत गर्दै पार्टी नेता विमलेन्द्र निधिले काठमाडौँमा सम्पर्क कार्यालय स्थापित गरे जसको उद्घाटन गर्ने अवसरमा जनकपुरका सन्त महन्तहरूको बाक्लो उपस्थिति थियो । यसबारे जिज्ञासाको जवाफ दिँदै निधिले हिन्दुराष्ट्रप्रति कुनै प्रकारको समर्थन दिन नसक्ने बताएर आफूलाई खाँटी धर्मनिरपेक्ष देखाउन खोजे । कांग्रेसभित्रका हिन्दुत्व समर्थकहरूलाई पशुपतिनाथ, दक्षिणकाली, जानकी मन्दिर लगायतका देवस्थलमा नेपाली कांग्रेसको झण्डा फहराएर देखाउन उनले चुनौतीपूर्ण कटाक्ष समेत गरे ।

संयोगवश नेपालका प्रमुख राजनीतिक दलहरूले निकट भविष्यमा महाधिवेशन गरानुउपर्ने अवस्था छ । यसअनुसार पछिल्लो महाधिवेशनमा समेत नेपाली कांग्रेसभित्र बहुसंख्यक प्रतिनिधिद्वारा हस्ताक्षरित हिन्दु राष्ट्रको मुद्दा नेतृत्वले जबर्जस्ती प्रवेश गर्न नदिए पनि यसपटक त्यसलाई रोक्न सहज छैन । एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले विभिन्न ठाउँबाट आफ्नो सम्बोधनको क्रममा हिन्दुराष्ट्रको माग उठेको स्वीकारेका छन् । कांग्रेस र एमालेभित्र हिन्दुत्वको मुद्दा बलियो बन्दै गएको देखेर पनि त्यसलाई जनगणनाको पूर्वाग्रही तथ्यांकमार्फत धूमिल पार्ने षड्यन्त्र भएको हुनसक्छ ।

नेपालको राजनीतिमा जाति र धर्मको प्रभाव तथा प्रतिनिधित्व बढ्दै गएकोले अधिकांश दल आफ्नो क्षेत्र र जातिलाई प्राथमिकता दिनु नै सत्ताको प्रमुख कार्य मान्न थालेका छन् । यसै पनि लोकतंत्र भनेको संख्याको खेल हो र हरेक राजनेतालाई देशभित्र आफ्नो जातीय संख्याबारे उत्सुकता थपिएको छ । जातीय समीकरण चुनावमा विजय सुनिश्चित गराउन महत्वपूर्ण हतियार मानिन्छ र यसको भरपर्दो जानकारी जनगणनाबाट प्राप्त हुन्छ । वि.सं. २०६८ को जनगणनामा हिन्दु धर्मलाई विभाजित गरिए पनि ईसाई र इस्लामलाई विभाजित पारिएको छैन । जबकि ईसाईहरूमा क्याथोलिक, प्रोटेस्टेन्ट, आर्थोडोक्स, मारोनी, एवनजीलक भनेर छुट्टाछुट्टै बस्ने गरेका छन् । यहाँसम्म कि यिनिहरू एकअर्काको गिर्जाघर (चर्च) मा प्रार्थना गर्न जाँदैन । यसैगरी इस्लाम धर्ममा शिया, सुन्नी र अहमदियाहरू हुन्छन् । यिनको मतभेद हेर्ने हो भने इरान, इराक, सिरिया लगायतका इस्लामिक देशहरूमा प्राय:हुने युद्धहरू यही दुवै बीच हुनेगर्दछ ।

तथापि केन्द्रीय तथ्यांक विभागका लागि शिया, सुन्नी र अहमदिया हरू सबै मुस्लिम हुन भने क्याथोलिक, प्रोटेस्टेन्ट, आर्थोडोक्स, मारोनी, एवनजीलक भनेको इसाई मात्र हुन् । वैदिक सनातन परम्परागत प्रकृतिलाई सर्वोपरि मानेर उपासना गर्दै आएका बहुसंख्यक हिन्दु समाजलाई विभाजित गरी मनोबल कमजोर पार्ने प्रयास स्वयं राज्य पक्षबाट हुनु दुर्भाग्यपूर्ण र विभाजनकारी देखिन्छ । जसको प्रतिवादमा धेरैले सामाजिक सञ्जालमार्फत चेतना अभियान समेत सञ्चालन गरेको पाइन्छ । जनगणना प्रक्रियाद्वारा सांख्यिकीय स्वरूप बुझ्न सकिन्छ । यी सूचनाहरूको उपयोग सरकारी, गैरसरकारी, प्रशासनिक नीति निर्धारण, शोधपत्र, आर्थिक-सामाजिक र विकाससम्बन्धी विभिन्न योजनाहरूको निर्णय गर्न प्रयुक्त हुन्छ ।

कहिलेकाहीं जनगणनाबाट समाजमा अनपेक्षित विवाद थपेर विभक्त मानसिक अवस्था सिर्जित गराउने सम्भावना हुने गर्दछ । धर्मनिरपेक्षताको प्रवेशसँगै हिन्दुधर्मको महलमा कलस्टर थपेर विभाजित गरी संख्यात्मक रूपमा न्यूनतम देखाउने षड्यन्त्रपूर्ण प्रयासले यसपटक पनि निरन्तरता पाएको देखिन्छ । यही क्रम जारी रहयो भने भविष्यको जनगणना हुँदा जातीय गणनालाई पनि धर्मको महलमा राख्दै ब्राह्मण धर्म, क्षेत्री धर्म लगायत समावेश गरी 'हिन्दुधर्म' नामक प्रश्नावली नै विस्थापित हुने बेर छैन । त्यसैले समयमै जागरूक हुन जरुरी छ ।

*-साभार: खबरहबडटकम*

# संविधानविरुद्ध राष्ट्रपति !



प्राडा बद्रीविशाल पोखरेल

ओली सरकारले विगत सरकारका तुलनामा अतुलनीय काम गरेको हेर्नुहोस् र राम्रोलाई राम्रो भन्न सकिन्न भने चुप लाग्नुहोस् टाउको हल्लाउनुहोस् । ओली सरकारले हिमाल, पहाड तराई मधेसको विकास भावी सन्ततिका लागि गरेको हो । घर भइभइ घर भाडा लिने र खाने नियत वर्तमान राष्ट्रपति र पूर्व प्रधानमन्त्री ओलीको छैन । आफ्नो भएको चलअचल सम्पत्ति ट्रस्टमा विधिवत जिम्मा दिने ओलीलाई धारे हात लगाउन छाड्नुहोस् ।

असोज ३ गते पूर्वराष्ट्रपति डा.रामवरण यादव सातौँ संविधान दिवसका अवसरमा मौखिक र लिखित मन्तव्य व्यक्त गर्दै हुनुहुन्थ्यो । अमुक पार्टीको नेता वा कार्यकर्ता जस्तो अति संकीर्ण यादवका अभिव्यक्ति सुन्दा गणतन्त्रकै उपहास भएको जस्तो लागेको छ । उहाँ भारतीय सहमतिमा मात्रै संविधान जारी गर्नुपर्ने पक्षमा कटिबद्ध हुनुहुन्थ्यो भन्ने कुरा जवर्जस्त रूपमा पुष्टि हुन्छ । उहाँ संविधान समयमै जारी नगर्ने पक्षमा हुनुहुन्थ्यो । संविधान त्यस बेला जारी नभएको भए देश कुन भड्खालोमा जाकिन्थ्यो भन्ने कुरा राम्ररी बुझेरै यादव असन्तुष्ट हुनुभएको हो । भरसक संविधान जारी गर्न संविधानसभामा आउन उहाँ मानिरहनुभएको थिएन । तर, उहाँ नआए पनि संविधान जारी गर्ने आन्तरिक तयारी पछि बाध्य भएर यादव संसद्मा आउनुभएको हो ।

ओली सरकार पाँच वर्ष स्थिर रहन दिएको भए धेरै उल्लेख्य उपलब्धि थपिने थिए । यादवज्यूले अहिलेसम्म ओलीले जस्तो भूकम्प, प्राकृतिक लगायतका कारण घरबारविहीन जनताको अढाइ वर्षमा आठ लाख घर बनाएर हस्तान्तरण गरेको कहिल्यै सुन्नुभएको थियो ? भारतबाट पाइप लाइनबाट डिजेल नेपालले ल्याउँदा वार्षिक डेढ अबृ ढुवानी खर्च जोगिएको सुन्नु जान्नु भएको थियो ? थिएन भने सुन्ने बानी बसाउनुहोस् । यो पाइपलाइन दक्षिण एसियामा दोस्रो हो नि । १ सय ४० वटा तुइन मध्ये १ सय ३० वटा तुइन विस्थापित भएको हेर्नुहोस् । धरहरा, रानीपोखरी हेर्न जानुहोस् मेलम्चीको पानी त खानु नै भयो होला । त्यसै राजनीतिक आग्रह र दुराग्रहका आधारमा राम्रा काम नदेखेझैँ बैगुनी नबन्नुहोस् ।

यादवले प्रधानमन्त्री र राष्ट्रपतिको मिलीभगतमा भएको सम्म भन्न भ्याउनुभयो । मिलीभगत जस्तो अत्यन्त भद्दा आरोप राष्ट्रपतिलाई लगाउनु भनेको यादवले आफैँतिर तथा नाम बोल्नु हो । जनादेशलाई कुण्ठित गर्ने अनि परमादेशबाट टिके प्रधानमन्त्री बनाउनुचाहिँ संवैधानिक देख्ने यादवको चश्माकै दोष मान्नुपर्ने हुन्छ । कालो चश्मा लगाएपछि उज्यालो देखिँदैन । महाकालीमा भारतीय एसएसपीले तुइन खुस्काइदिएर मारिएका निहत्था नेपाली सपूत धामीका विषयमा सरकारले त वास्ता गरेन यादवले किन के कारणले समवेदनाको एकशब्द उल्लेख गर्नु भएन ।

के धामी तराई मधेसी होइनन् भनेर हो ? अनि सभामुखका जालीझेली कीर्ते दोहोरो मापदण्डका घीनलाग्दा चरित्रचाहिँ संसदीय हुन् ? कसैलाई र कुनै दललाई दल वा पार्टीका ह्विप लाग्ने कुनैलाई नलाग्ने सर्वोच्च अदालतको फैसला लोकतान्त्रिक हो यादवज्यू ? मन्त्रीमण्डल अहिलेसम्म विस्तार हुन सकेको छैन यो चाहिँ कसले रोकेको र ओलीले नै छेकेको हो ? आफ्नो मान, प्रतिष्ठा र थान्कामा बस्दा मात्र कुनै पनि मानिसलाई सुहाउँछ ।

पूर्वराष्ट्रपति रामवरण यादवप्रति यो लेखक अत्यन्त सम्मान गर्छ किनकि व्यक्तिलाई भन्दा संस्थालाई अझ कम्तीमा औपचारिक रूपमा आदर कदर र यथोचित सम्मान गर्नुपर्छ भन्ने बुझेको छ । तर, कमजोरी उपर चर्चा गरियो भने भोलि आउने महामहिम सतर्क हुने अवस्था आउँछ भनेर मात्र यो लेख लेखिएको हो । पूर्वराष्ट्रपति महामहिम रामवरणले पहिले झैँ अहिले पनि वर्तमान राष्ट्रपति र पूर्व प्रधानमन्त्रीलाई संसद् विघटन गरेको विषयमा भद्दा आलोचना गर्दै हुनुहुन्थ्यो । उहाँ कुपात्रका कारण संसद् विघटन भएको भन्दै हुनुहुन्थ्यो ।

लोकतन्त्र, संविधान, संघीयता सबैमाथि ओलीलाई हमलावर भन्दै हुनुहुन्थ्यो । अमुक पार्टीको सामान्य कर्यकर्ताका स्तरमा ओर्लिएर उहाँले बोल्दा गणतन्त्र बदनाम हुँदै थियो । वर्तमान राष्ट्रपतिलाई आफूले जस्तै कहिले नेकाका नेता कार्यकर्ताहरूलाई शीतलनिवासमा बोलाएर महाधिवेशनलाई प्रभावित पार्ने दहीचिउरा खुवाएर, कहिले भूपू प्रम सुशील कोइरालालाई २३ पन्ने आदेश पत्र थमाउनुहुन्थ्यो भने कहिले आफ्नै छोरालाई सभासद् बनाउन र निर्वाचनमा जिताउन सक्रिय भूमिका निर्वाह गर्नुहुन्थ्यो । ठीक यस्तै खालको भूमिका वर्तमान राष्ट्रतिबाट होस् भन्ने चाहना हो यादवज्यूको ? यति मात्र होइन यादवले गरेको सबैभन्दा संगीन भूमिकाका बारेमा । प्रसिद्ध मानव अधिकारवादी कृष्ण पहाडीले एक पत्रिकामा उहिल्यै उल्लेख गरेका छन्, 'संविधान आउँदाका बेला राष्ट्रपति निवासमा बसेर षड्यन्त्र नगरेको भए मधेस आन्दोलनमा यति धेरै मान्छे मारिने थिएनन्, सत्तामा बस्ने, सर्वोच्च पदमै बसिसकेका न्यायिक पृष्ठभूमिका मान्छेले समाजमा दुरी बढाउँदै हिँडेपछि कसरी हुन्छ ?'

अरूलाई एक औँलो देखाउँदा चार औँलाले आफैँलाई देखाइरहेको यादवले देख्नुभएन । २०७३ पुस १७ गते महामहिम पूर्वराष्ट्रपति डा. रामवरण यादवको नागरिक पत्रिकामा एक महत्वपूर्ण अन्तर्वार्ता प्रकाशित छ । उक्त पत्रिकामा प्रकाशित राष्ट्रपतिका अन्तर्वार्ता आधारित भनाइहरू मात्र होइन यसभन्दा अघि पनि उहाँका अभिव्यक्ति र व्यवहारमा देखिएको असंगति केलाउनु यस लेखको उद्देश्य हो । यस लेखको आरम्भमा उल्लिखित पहाडी लिखित अभिव्यक्ति सत्य संगत र तथ्य परक देखिन्छ ।

किन पनि भने जतिबेला केही मधेसी नामका नेता ९० प्रतिशतभन्दा बढी जनप्रतिनिधिले लोकतान्त्रिक र विधिसम्मत रूपमा प्रस्तावित र पारित संविधानविरुद्ध तराईमधेसका रैथाने र आदिवासी जनतालाई भड्काएर संघर्षमा उत्रिन लाग्दा पूर्वराष्ट्रपति डा.रामवरण यादवले बेलैमा शीतलनिवास बोलाएर सार्थक संवाद गर्नुभएन । उहाँले आन्दोलनकारीहरूलाई फोन गरेर सम्झाएको मात्र प्रचार गरियो । संविधानविद् तत्कालीन सभामुखलाई संविधान विषयक सुझसमझ दिएजस्तै प्रभावकारी रूपमा मधेसी नेतालाई यादवले सम्झाउनु भएन । बरु शीतलनिवास संविधानविरुद्ध दिलोज्यानले उत्तेजना बढाउने काममा गोप्य रहस्यमय आश्रयस्थल बनेको स्पष्ट भयो । यादवज्यूले अन्तर्वार्तामा भनेजस्तो नेपाली भाषी नेताबाट तराई छाड्नै नहुने, तराईका नेताबाट पहाड जोड्नै नहुने दुवै अतिवादी कुरा हुन् ? यसमा राष्ट्रिय एकता र अखण्डताको कुरा किन यादवले नगरेको ? उहाँले नेपाली भाषी नेताले राष्ट्रिय एकता, अखण्डता र सद्भाव कायम गर्न खोजेको कुरामा किन समर्थन नगरेको किन उल्टो ती विचारमा संकीर्ण खालको सोच राख्नुभएको हो । तराईमधेस छोडेर वा मधेसलाई अलग राष्ट्र बन्न दिने कुरा एउटा सच्चा देशभक्त पार्टी, व्यक्ति र नेतृत्वले यस्तो कुरा सोच्न सक्छ ?

राष्ट्रिय एकता, अखण्डता, स्वाधीनता र सद्भावजस्ता विषयमा तर, तथापि, परन्तु आदि घुमाउरो र काइते कुराको कुनै अर्थ छैन । देशलाई प्रेम गर्ने कुरा पनि घुमाएर गर्नुपर्छ ? एउटा राष्ट्रवादीले सत्य कुरा सोझै गर्दा हुन्छ । अझ राष्ट्रपतिज्यूले त मधेस पहाडबाट अलग र हे पनि हुन्छ भन्ने कुरा गरेर घुमाउरो रूपमा नेपाललाई दुई राष्ट्र (अर्थात् पहाड र मधेस राष्ट्र बनाउने) कुरामा परोक्ष रूपमा स्पष्ट दृष्टिकोण अघिसारेको देख्दा अचम्म लागेको छ । प्रक्रियामा विश्वास गर्ने भएकाले असन्तुष्टिलाई थाती राखेर पद्धतिलाई स्वीकार गरेको बताउने यादवले मधेसी दललाई किन राम्ररी सम्झाउन भन्दा आफ्नै असन्तुष्टि पो छर्न थाल्नुभयो ।

दक्षिण छिमेकीको कपटपूर्ण स्वार्थ नै के हो भने नेपालको संविधान नबनोस्, बनिहाले बिथोलियोस् र लागू नहोस् भन्ने नियत त खुल्ला भएकै थियो । प्रथम महामहिम राष्ट्रपतिजस्तो शीर्षस्थ व्यक्तित्वले नेपाली एकतालाई अलगथलग पार्ने खालका विचार अझै बारबार प्रवाह बोलिरहनु जाति हुन्छ ? तामाम नेपाली जनता सबका सबको चित्त बुझ्ने वा सर्वसम्मत संविधान कहाँ जारी भएको छ ? एउटासम्म उदाहरण दिन सक्नु हुन्छ ? तर अहिलेसम्म यो दुनियाँमा संविधानसभाले बनाएको संविधान मध्ये नेपालले बनाएको ९० प्रतिशतभन्दा बढीको अनुमोदन कुन देशमा कहाँ छ देखाउन सक्नुहुन्छ ? हामी आफ्नै घरपरिवारमा पनि भनेजस्तो चित्तबुझ्दो काम गर्न सकिरहेका छैनौँ । तपाईं आफैँले चाहेअनुसार, सोचे अनुसारको सबै कुरा परिपञ्च, प्रबन्ध र पौल भएको जिन्दगी बिताउन सकिरहनुभएको छ ?

भारत अनुकूल वा कन्फर्टेबल सरकार बनाउन ओली सरकार हटाएको त घामजत्तिकै छर्लंग भो नि । धामी मारिएको विषयबारे भारतसित सोझो संवाद गर्न नसक्ने हुतीहारा सरकारको पक्षपोषण गरेर आफूलाई धेरै तल नझार्नु होस् महामहिमज्यू । ओली सरकारले विगत सरकारका तुलनामा अतुलनीय काम गरेको हेर्नुहोस् र राम्रोलाई राम्रो भन्न सकिन्न भने चुप लाग्नुहोस् टाउको हल्लाउनुहोस् । ओली सरकारले हिमाल, पहाड तराई मधेसको विकास भावी सन्ततिका लागि गरेको हो । घर भइभइ घर भाडा लिने र खाने नियत वर्तमान राष्ट्रपति र पूर्व प्रधानमन्त्री ओलीको छैन । आफ्नो भएको चलअचल सम्पत्ति ट्रस्टमा विधिवत् जिम्मा दिने ओलीलाई धारे हात लगाउन छाड्नुहोस् । - साभार: सौर्यअनलाईन

# एसोसिएटमा टिक्ने मात्र होइन उत्कृष्ट हुनुपर्छ : ज्ञानेन्द्र मल्ल



काठमाडौं /नेपाली क्रिकेट टिमका कप्तान ज्ञानेन्द्र मल्लले आईसीसीको एसोसिएट देशहरुमा नेपाल उत्कृष्ट टिम बन्नुपर्ने बताएका छन् ।

ओमानमा आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत त्रिकोणात्मक सिरिज खेलेर मंगलबार बिहान नेपाल आइपुगेका उनले पत्रकारसँगको कुराकानीमा त्यसका लागि धेरै प्रतिस्पर्धात्मक खेल आयोजना हुनुपर्ने बताए ।

'अब धेरै भन्दा धेरै खेल हुनुपर्छ । खेल भएर मात्र हुँदैन प्रतिस्पर्धात्मक गेम चाहिन्छ' मल्लले भने, 'एसोसिएटमा सर्भाइभ गर्ने भन्दा डोमिनेट गर्ने हुनुपर्छ त्यसका लागि धेरै भन्दा धेरै म्याच चाहिन्छ ।'

मल्लले ओमानले पछिल्लो पटक मुम्बईको रणजी टिमसंग खेलेको उदाहरण दिँदै प्रतिस्पर्धात्मक खेलले टिम बलियो हुने बताए । 'हामीसंग सिरिज खेल्नुअघि ओमानले मुम्बईको रणजी टिमसंग ४ ओडीआई र २ टी-२० आई खेल्यो । अब श्रीलंकासंग दुई टी-२० आई खेल्दैछ । भनेपछि प्रतिस्पर्धात्मक खेलबाट धेरै कुरा सिक्न पाइन्छ । खेलाडी रोटेट गर्न पाइन्छ । त्यो अनुभवले गर्दा सजिलो हुने हो' कप्तान मल्लले भने ।

**तीन खेल जित्ने योजना थियो**

नेपाल, ओमान र अमेरिका सम्मिलित त्रिकोणात्मक सिरिजमा नेपालले ४ खेल खेल्दा २ खेल जित्यो भने दुई खेलमा पराजित भयो । कप्तान मल्लले ३ खेल जित्ने लक्ष्य राखे पनि असफल भएको बताए । नेपालले अमेरिका र ओमानविरुद्धको एक-एक खेल जित्यो भने एक-एक खेल गुमायो । यसअघि २०२० फेब्रुअरीमा नेपालमै भएको लिग-२ मा नेपालले अमेरिकालाई दुवै खेलमा पराजित गरेको थियो भने ओमानसंग दुई खेल हारेको थियो । तर यस पटक नेपालले ओमानलाई उसैको मैदानमा एक खेलमा पराजि गऱ्यो । कप्तान मल्लले पनि लामो समयपछि ओमानलाई हराउनु राम्रो कुरा रहेको पनि बताए । 'राम्रो कुरा ओमानलाई हामीले धेरै पछि हरायौँ । युवा खेलाडीको प्रदर्शन राम्रो रह्यो' उनले भने ।

नेपालले सन् २०१३ पछि पहिलो पटक ५० ओभर क्रिकेटमा ओमानलाई पराजित गरेको हो । ओमानमा दुई खेल हारेकाले लिग टुका अरु खेल जित्नुपर्ने दबाब बढेको मल्लले बताए । 'क्लोज गेम गुमाउन पुग्यौं । त्यसले असर नगरोस् भन्ने हो । एउटा खेल पनि महत्वपूर्ण हुन्छ । ओमान र अमेरिका टपमा भएकोले पनि यो जित महत्वपूर्ण छ' उनले भने ।

**युवा खेलाडीको प्रदर्शन सकारात्मक**

कप्तान मल्लले ओमानमा नेपाली युवा खेलाडीले राम्रो प्रदर्शन गरेको भन्दै तारिफ गरेका छन् । 'खुशी हुने कुरा योङ खेलाडीहरु जसमा एक दुई वर्षदेखि इनभेस्ट गरेर राखेका थियौँ त्यो रिजल्ट विस्तारै देखिराछ । जस्तो कुशल भुर्तेल, आसिफ शेख, रोहित, गुलशन झा, विक्रम सोबले राम्रो खेले' उनले भने ।

मल्लले नेपाली खेलाडीमा अझै अनुभव भने नपुगेको र म्याच एक्सपोजर थप चाहिने बताए । 'अझै ल्याकिङ भनेको एक्पिरियन्स (अनुभव) पुगेको छैन । गेम सिच्युएसन कसरी लिएर जाने, दबाब कसरी झेल्ने भन्ने म्याच एक्सपोजर चाहिन्छ अझ पनि भन्ने देखियो ।'

**प्रशिक्षकको समय छोटो भयो**

नेपालले अन्तिम खेलमा ओमानलाई ७ विकेटले सहजै पराजित गर्दै प्रशिक्षक डेभ वाटमोरलाई बिदाई उपहार दियो । ओमान पुगेपछि वाटमोरले सिरिज सकिएपछि लागु हुनेगरी क्यानमा राजीनामा पठाएका थिए । गत पुषमा एक वर्षका लागि नेपालको प्रशिक्षक नियुक्त भएका उनले पूरा अवधी नसबी बीचैमा नेपाल छाडेर गए । यस बीचमा नेपालले टी-२० अन्तर्राष्ट्रिय सिरिजमा ५ खेल खेल्यो भने ओमान टुरमा त्रिकोणात्मक सिरिजमा ४ र त्यसअघि पपुवा न्युगिनीसंग २ खेल गरी ६ ओडीआई खेल्यो । उनको प्रशिक्षणमा नेपालले ८ खेल जित्दा ३ खेल मात्र गुमायो ।

कप्तान मल्लले प्रशिक्षकसंगको समय छोटो भएको बताए । तर वाटमोरको प्रशिक्षणले राम्रो प्रभाव पारेको उनले बताए । 'तर जति समय बिताउन पायौं राम्रो भयो भन्ने लाग्छ । छोटो समयमा राम्रै गरेजस्तो लाग्छ' उनले भने ।

प्रशिक्षकले बीचमै छाड्दा असर पर्ने भन्दै मल्लले अब योजना बनाएर अघि बढ्नुपर्ने बताए । अब नेपालले तत्कालै खेल्ने अन्तर्राष्ट्रिय प्रतियोगिता छैन । तर आगामी फेब्रुअरीमा नेपालले युएई र पपुवा न्युगिनी सम्मिलित लिग २ कै सिरिज खेल्ने तालिका छ ।

- अनलाईनखबर

# हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन निर्माण : सर्वत्र समस्या

काठमाडौं (रासस)/ नेपालमा प्रसारण लाइन निर्माण गर्नु जत्तिको झण्झटिलको काम अरु हुन छाडेको छ । एकातिर सरकारी निकायबीचकै समन्वयको अभाव छ भने अर्कोतर्फ निर्माण व्यवसायीको काम गर्ने संस्कारमा हुन नसकेको परिवर्तन पनि अर्को पाटो रहेको छ ।

मुलुकभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजना निर्माणमा जताततै अवरोधै अवरोध देखिनुले पनि सोही कुराको पुष्टि गर्दछ ।

झण्डै आठ वर्ष पहिलेदेखि निर्माण सुरु भएको आयोजनामा भइरहेको अवरोधका कारण हालसम्म सम्पन्न हुन सकिरहेको छैन । मकवानपुरको हेटौँडा उपमहानगर पालिका-११ थानाभञ्याङ सवस्टेसनबाट सुरु भई सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ मा जोडिने प्रसारण लाइन १० वटा जिल्ला पार भएर जान्छ । जति जिल्ला आयोजनाले छुन्छ, उत्तिनै धेरै समस्याका जञ्जालले छापेको छ ।

प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयवासीको अवरोध, वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटानको स्वीकृतिको प्रक्रियागत अल्झन, ठेकेदारको कमजोर कार्यसम्पादन लगायतका कारणले गर्दा प्रसारण लाइन निर्माण ढिला भएको हो । स्थानीय अवरोध खुलाई निर्माणका लागि प्राधिकरणले गरिरहेको प्रयास पनि सार्थक रूपमा सफल हुन सकिरहेको छैन । रणनीतिक महत्वको प्रसारण लाइनको निर्माण सम्पन्न हुन नसक्दा ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको विद्युत् धनुषामा रहेको ढल्केबर सवस्टेसनबाट क्षमता अभावमा पश्चिमतर्फ पठाउन सकिएको छैन । अहिले ढल्केबरबाट पश्चिमतर्फ १३२ केभी प्रसारण लाइन मात्रै छ ।

पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने कूल २८८ किलोमिटर प्रसारण लाइनका लागि ७९२ वटा टावर निर्माण गर्नुपर्छ । यसमध्ये ६५९ टावरको जग हालिएको छ भने ६३३ खडा गरिएको छ । रुख कटानको स्वीकृतिमा भएको ढिलाइ र स्थानीयवासीको अवरोधका कारण बाँकी टावरको निर्माण हुनसकेको छैन । सबै टावर खडा गरिसकेपछि ठेकेदार कम्पनीले तार तान्न सुरु गर्ने छ ।

हेटौँडा उपमहानगर पालिका वडा १५, १६ र १७ स्थिति हटिया क्षेत्रका बासिन्दाको अवरोधका कारण निजी जग्गामा पर्ने १४ वटा टावरको निर्माण सुरु हुनसकेको छैन । प्राधिकरणले अवरोध हटाउन बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल, स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, प्रभावितसँग पटकपटक छलफल गरे पनि समस्या समाधान हुन सकेको छैन ।

स्थानीयवासीले प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै सामुदायिक वनमा पर्ने टावरसमेत निर्माण गर्न दिएका छैनन् भने निर्माण गरिएका दुई वटा टावर सार्न माग गरिरहेका छन् । उनीहरूले प्रसारण लाइन मानवबस्तीबाट नलगी जङ्गलबाट लैजानुपर्ने माग गरेका छन् । आयोजनाले भने सबै प्रक्रिया पूरा गरी डिजाइन गरिएकाले अहिले आएर रुट परिवर्तन गर्न नसकिने प्रष्ट पार्दै आएको छ ।

प्रसारण लाइन निर्माणमा निरन्तर अवरोध भएपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालयका प्रमुख दीर्घायुकुमार श्रेष्ठ, आयोजना प्रमुख श्याम यादवको टोलीले केही दिनअघि अवरोधस्थलको अवलोकन गरी प्रभावितसँग छलफल गर्दै राष्ट्रिय महत्वको प्रसारण लाइन निर्माणमा सहयोग गरिदिन आग्रह गरेको छ ।

"माथिल्लो तामाकोसीको बिजुली ढल्केबरबाट पश्चिमतर्फ ल्याउन नसक्दायता नपुग्ने उता खेर फाल्नुपर्ने बाध्यात्मक अवस्था छ यस्तो अवस्थाको अन्त्य गर्न यो लाइन जतिसक्दो छिट्टो निर्माण गर्नुपर्ने छ, मुआब्जा तथा क्षतिपूर्तिका विषयमा छलफल गरौं विवाद चर्काउनेभन्दा पनि टुङ्ग्याउनतर्फ लागौं", घिसिङले भने । लाइन निर्माण भइरहेको अवरोध हटाउन आयोजनामा सहुलितपूर्ण ऋण प्रवाह गरेको विश्व बैंकले सहजकर्ता नियुक्त गरेको जानकारी दिँदै घिसिङले त्यसमार्फत विवाद समाधान हुने विश्वास व्यक्त गरे ।

हेटौँडा उपमहानगर पालिका-१६ का वडाध्यक्ष रामकृष्ण कोइरालाले मानवबस्ती छलेर प्रसारण लाइन लैजाने अवस्था हुँदाहुँदै यसतर्फ आयोजना व्यवस्थापनले ध्यान नदिएको बताए । "विकास विरोधी हैनौं, अहिलको मार्ग व्यवहारिक छैन, मुआब्जा तथा क्षतिपूर्ति दिनुनपर्ने गरी वन क्षेत्रबाट लाइन लैजानुपर्छ" कोइरालाले भने, "समस्या समाधानका लागि आवश्यक सहयोग गर्न हामी तयार छौं ।"

स्थानीयवासीले सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर र सिराहाको लाहान पडरिया क्षेत्रमा पनि प्रसारण लाइन निर्माणमा अवरोध गरेका छन् ।

हेटौँडा-ढल्केबर-इनरुवा ४४० केभी प्रसारण लाइन विद्यमान १३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्राय: समानान्तर छ । प्रसारण लाइनको मार्गधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३/२३ मिटर हुने छ ।

आयोजनाले ५१८ हेक्टर वन क्षेत्रमा रहेका रुख काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिन अधिग्रहण गर्नुपर्ने छ । मार्गधिकारमा ४७५ हेक्टर निजी जग्गा र १७१ वटा घर तथा अन्य संरचनाहरू प्रभावित हुनेछन् ।

नेपाल सरकार, विद्युत् प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना अन्तर्गत प्रसारण लाइनको निर्माण हुन भइरहेको हो । यसबाट मुलुकभित्रको प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापार सहज हुने अपेक्षा गरिएको छ ।

# तीन वडा सभापति सर्वसम्मत

काभ्रेपलाञ्चोक (रासस)/ नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत वडा अधिवेशनका क्रममा काभ्रेका तीन वडा सभापति सर्वसम्मत चयन भएका छन् ।


यसरी चयन हुनेमा धुलिखेल नगरपालिका-११ वडा सभापतिमा नारायणप्रसाद ओझा, बनेपा नपा-११ मा राजु श्रेष्ठ र १२ नम्बर वडामा प्रेम शर्मा वाग्ले छन् । पार्टीका जिल्ला प्रवक्ता महेश पौडेलले केही वडामा सर्वसम्मतको प्रयास भइरहेको र केही वडामा सर्वसम्मत चयन भई निर्णय गर्ने चरणमा रहेको जानकारी दिए । उन्नाइस हजारभन्दा बढी क्रियाशील सदस्यले बाँकी वडासभापति चयन गर्दैछन् । जिल्लामा तेह्र पालिका छन् । मंगलबार काभ्रेसहित सात जिल्लामा वडा अधिवेशन जारी छ । पार्टीको केन्द्रीय कार्यालय अनुसार यसअघि ५७ जिल्लामा वडा अधिवेशन सम्पन्न भइसकेको छ भने बाँकी १३ जिल्लाको क्रियाशील सदस्यता सदस्यता विवरण प्राप्त भएपछि वडा अधिवेशनको समय तालिका निर्धारण गरिनेछ ।

वडा निर्वाचनमा उन्नाइस् हजार १० सदस्यले मतदान गर्न पाउने समितिले जनाएको छ । समितिका अनुसार वडा निर्वाचनमा वडासभापतिसहित २२ को वडा कार्यसमिति चयन गनर्छे । साथै, वडा निर्वाचनमा वडामा रहेका क्रियाशील सदस्य संख्या अनुपातमा १५ देखिमाथि क्षेत्रीय प्रतिनिधि चयनसमेत हुने जनाइएको छ । समितिमा हाल अद्यावधिक क्रियाशील सदस्यमध्ये आधा नवीकरण र आधा नयाँ क्रियाशील सदस्य हुन् ।

पार्टीको निर्वाचन कार्यतालिका अनुसार यही असोज ५ गते वडा अधिवेशन, ९ गते गाउँ/नगर, १२ गते प्रदेश क्षेत्र, १५ गते प्रतिनिधिसभा क्षेत्र तथा असोज १८ गते जिल्ला अधिवेशनको मिति तय भएको छ । यस्तै, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मंसिर नौदेखि १३ गतेसम्म तय गरिएको छ । यसैबीच, यही असोज ९ गते हुने नगर निर्वाचनमा बनेपाका वर्तमान नगर सचिव महेश कर्माचार्य र पार्टी जिल्ला प्रशिक्षण विभागका सचिव शान्तिरत्न शाक्यले नगर सभापतिमा उम्मेदवारी दिने घोषणा गरेका छन् ।

जिल्ला सभापतिमा भने सात आकांक्षी देखिएका छन् । वर्तमान जिल्ला पार्टी सभापति मधुप्रसाद आचार्य, केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईं, उपसभापति अच्युत पौडेल, सचिव दिनेश लामा, पूर्व सांसद तीर्थ लामा, क्षेत्रीय सभापति रमेशप्रसाद हुमागाईं र पाँचखाल नगरपालिका प्रमुख महेश खरेल रहेका छन् ।

# संगठन विस्तार अभियानमा एकीकृत समाजवादी




बनेपा (रासस)/ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) काभ्रेले संगठन विस्तारको अभियानलाई तीव्र पारेको छ । सो पार्टीले पार्टी विभाजनसँगै पार्टीको संरचना निर्माणका लागि पहिला जिल्ला कमिटी गठन गरी नगर/ गाउँपालिका हुँदै वडा कमिटीसम्म पार्टी, जनवर्गीय संगठन निर्माणको अभियानलाई तीव्रता दिएको हो ।

सोहीअनुरुप सोमबार काभ्रेपलाञ्चोकको मण्डनदेउपु नगरपालिका-१ बालुवापाटी देउपुरमा वडा कमिटी निर्माणसँगै जनवर्गीय संगठन, महिला, किसान, दलित मुक्ति समाज, विद्यार्थी र युवासंघको कमिटी निर्माण गरिएको छ ।

सो क्रममा जोगबहादुर तामाङका अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटी गठन गर्नुका साथै युवासंघ, अनेरास्ववियु, दलित मुक्ति समाज, अखिल नेपाल महिला संघलगायत जनवर्गीय संगठन निर्माण गरेको हो । पार्टी र जनवर्गीय संगठनबिना पार्टीले लिएको नीति, विचार र सिद्धान्त जनतासम्म पुग्न नसक्ने भएकाले आफूहरू पहिलो चरणमा पार्टी संगठन र जनवर्गीय संगठनको संरचना निर्माण अभियानमा लागेको सो पार्टीका जिल्ला अध्यक्ष टोकबहादुर वाइबाले बताए । कम्युनिष्ट पार्टी विचार, सिद्धान्त, पद्धति र सबैको सहभागितामा निर्माण गरेको सामूहिक कार्ययोजना र कार्यदिशामा चल्ने भए पनि यसअघि एमाले नेतृत्वले एकलौटी ढंगले पार्टी चलाउने र एकल ढंगले निर्णय गर्दै उल्टो बाटो हिँडेका कारण आफूहरू बाध्य भएर कम्युनिष्ट पार्टी निर्माणको अभियानमा लागेको अध्यक्ष वाइबाले बताए ।

एकीकृत समाजवादी काभ्रेका उपाध्यक्ष तथा बागमती प्रदेशसभा सदस्य बसुन्धरा हुमागाईंले पार्टीको विधान, नीति, सिद्धान्त र विधिअनुसार चल्नुपर्नेमा एउटा व्यक्तिको अहंकार र निर्देशनमा चलाउन खोजेको कारण नयाँ पार्टी स्थापना गरी अघि बढ्न बाध्य भएको बताए ।

यसअघि भदौ २२ गते एमालेबाट विभाजित भएका समाजवादीका काभ्रेपलाञ्चोक जिल्लाबाट निर्वाचित जनप्रतिनिधिमध्ये ५६ जनाले नेकपा (एस)मा रहेको सनाखत गरेका छन् ।

काभ्रेपलाञ्चोकको स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले आफूहरू सो पार्टीमा रहेको जानकारी गराउँदै जिल्ला निर्वाचन कार्यालयमा पुगेर सनाखत गरेका थिए । सो पार्टीका जिल्ला अध्यक्ष वाइबाको अध्यक्षतामा भदौ १७ गते जिल्ला कमिटीको बैठक बसेर आफू नेतृत्वको १५१ सदस्यीय नेकपा (एस) जिल्ला समितिको घोषणा गरेर अहिले जिल्लाका नगर/ गाउँपालिका हुँदै वडास्तरमा पार्टी तथा जनवर्गीय संगठन विस्तार अभियानमा रहेको बताए ।

जसअनुसार अहिले सम्ममा मण्डनदेउपुर नपा, भुम्लु, चौँरीदेउराली गाउँपालिकामा पालिकास्तरीय पार्टी कमिटी गठन गरिसकेको र मण्डनदेउपुर नपाका सबैजसो वडा र बेथानचोक गाउँपालिकाको वडा नं ५ मा वडा कमिटी गठन गरिसकेको अध्यक्ष वाइबाले बताए । "हामीले आगामी असोजको १५ गतेभित्रमा सबै स्थानीय तहदेखि वडासम्ममा पार्टी कमिटी गठन गरी पार्टी सम्पर्क कार्यालय खोल्ने योजनामा छौं", उनले भने ।

आफू पूर्व मालेकालदेखि एमाले पार्टीको जिल्ला अध्यक्षसमेत सम्हालिसकेको व्यक्ति भएका कारण लामो राजनीतिक जीवनको इतिहास बनाएकाले सबै नागरिकको घरदैलोमा पुग्दै जनतालाई सुसंगठित गराउनका निमित्त प्रतिबद्ध रहेको दाबी गरे ।

# प्रादेशिक अस्पताललाई प्रभावकारी बनाउँछौं: मुख्यमन्त्री शाक्य



चितवन (रासस)/ बागमती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले प्रदेश सरकारका मातहतमा रहेका अस्पतालाई प्रभावकारी सेवा दिन आग्रह गरेका छन् ।

पूर्वी चितवनस्थित बकुल्लहर रत्ननगर अस्पतालमा मंगलबार आयोजित पिसिआर ल्याब र अक्सिजन प्लान्टको शुभारम्भ गर्दै उनले अस्पताललई थप श्रोत साधन सहयोग गरिने जानकारी समेत दिए । यी दुवै उपकरण प्रदेश सरकारले अस्पताललाई उपलब्ध गराएको थियो ।

स्वास्थ्य क्षेत्रमा सुधारको आवश्यक देखिएपछि सरकारले स्वास्थ्य मन्त्रालयलाई अलग बनाएको उनको भनाइ छ । मुख्यमन्त्री शाक्यले भने, "संघीय सरकारले प्रादेशिक अस्पताल हस्तान्तरण गर्न ढिला गरेकाले व्यवस्थापकीय पाटोमा समस्या आएको छ ।"

प्रदेशका १३ जिल्लामा रहेका अस्पतालमा पिसिआर मेसिन र अक्सिजन प्लान्ट सञ्चालन भइरहेको उनले बताए । अस्पताल सञ्चालक समितिका अध्यक्ष गोपाल कर्माचार्यका अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री प्रदीपकुमार कटुवाल, सामाजिक विकासमन्त्री विजय सुवेदी, पूर्व शिक्षा राज्यमन्त्री शेषनाथ अधिकारी, पूर्व कृषि, सहकारी तथा भूमि व्यवस्थामन्त्री दावा दोर्जेलामा, रत्ननगर नगरपालिकाका प्रमुख नारायण वन लगायतको उपस्थिति रहेको थियो ।

सो अवसरमा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा विश्वबन्धु बगालेले अस्पतालका विषयमा जानकारी गराएका थिए । विसं २०२४ मा हेल्थपोष्टबाट सुरुआत भएको सो अस्पताल अहिले प्रादेशिक ५० शैय्याको स्वीकृत भए पनि ४३ शैय्या मात्रै सञ्चालन गर्नु परेको उनले गुनासो गरे ।

अस्पतालमा चिकित्सक, स्वास्थ्यकर्मीसहित १२० कार्यरत रहेको भए पनि दरबन्दी भने २५ जनाको मात्रै रहेको उनले बताए । अहिले सो अस्पतालले मनोरोग बाहेक अन्य रोगको विशेषज्ञ सेवा दिँदै आएको छ ।

# बहुउद्देश्यीय सभागृह अन्तिम चरणमा

देउखुरी (रासस)/ उद्योग वाणिज्य संघ दाङद्वारा घोराहीमा निर्माणाधीन बहुउद्देश्यीय सभागृह अन्तिम चरणमा पुगेको छ ।

करिब एक हजार क्षमताको सो सभागृह विसं २०७४ देखि निर्माण सुरुआत गरिएको थियो । जिल्लामा सभागृह नहुँदा राष्ट्रियस्तरका ठूला कार्यक्रम गर्न अप्ठेरो अवस्था थियो ।

घोराही उपमहानगर पालिका-१४ मा करिब ३० करोडका लगानीमा बहुउद्देश्यीय सभागृह निर्माण करिब ९० प्रतिशत सम्पन्न भएको जनाइएको छ ।

संघका पूर्वअध्यक्ष नारायणप्रसाद भुसालले बहुउद्देश्यीय सभागृह निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिए । उनका अनुसार घोराही नगर विकास समितिले दिएको १२ का बढी जग्गामा सभागृह निर्माण सुरु गरिएको थियो । उनले भने, "सभागृह सम्पन्न भएपछि जिल्लालाई आर्थिक दृष्टिकोणले राहत मिल्ने छ ।"

बाटो काट्दा
दायाँबायाँ दुवै तर्फ
हेरेर मात्र काटौं ।
ट्राफिक नियमको
पालना गरौं ।

# तीव्रगतिमा सवारी चलाउनेलाई कारबाही

दमौली (रासस)/ तीव्रगतिमा सवारी चलाउनेलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँले कारबाही सुरु गरेको छ । पृथ्वीराजमार्गअन्तर्गत तनहुँ खण्डमा तीव्रगतिमा सवारी चलाउने चालकलाई प्रहरीले कारबाही सुरु गरेको हो ।

दुर्घटना न्यूनीकरणका लागि राडर गनमार्फत गति मापन गर्दै तीव्रगतिमा सवारी चलाउनेलाई कारबाही सुरु गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रमुख डिबी हमालले जानकारी दिए । उनका अनुसार सोमबार म्याग्दे गाउँपालिकास्थित गुणादीमा तीव्रगतिमा सवारी चलाउने११ सवारी चालकलाई कारबाही गरिएको हो ।

कारबाहीमा पर्नेमध्ये नौ जना मोटरसाइकल, एक जीप र एक बस चालक रहेका छन् । प्रतिघण्टा/किलोमिटर ६० भन्दा बढी गतिमा सवारी चलाउनेलाई कारबाही गरिएको हमालले जानकारी दिए । प्रहरीले पृथ्वीराजमार्गको तनहुँ खण्डमा अधिकतम ६० र घुम्तीमा ४० प्रतिघण्टा/किलोमिटर गति निर्धारण गरेको छ । "सवारी दुर्घटनाको धेरैजसो कारण तीव्रगति हो, यसलाई नियन्त्रणका लागि राडर गनको प्रयोग गरी कारबाही थालेका हौं", उनले भने, "यो अभियान निरन्तर रहनेछ ।" पृथ्वीराजमार्गमा यात्रा गर्ने ७० प्रतिशतभन्दा बढीले तीव्रगतिमा सवारी हाँक्ने गरेको कार्यालयले गरेको परीक्षणले देखाएको छ । राडर गनबाट गरिएको परीक्षणअनुसार मोटरसाइकल, प्राइभेट जीप, स्थानीय मिनीबस, खाली ट्रकलगायतले तीव्रगतिमा हाँक्ने गरेको पाइएको छ । राडर गनले कुन सवारी कति गतिमा गुडेको छ भन्नेबारेमा पत्ता लगाउने हुँदा गति कम गर्न यसले सहयोग गर्ने उनले बताए ।

सवारी दुर्घटनाबाट तनहुँमा एक वर्षको अवधिमा ४८ जनाको मृत्यु भएको छ । आर्थिक वर्ष २०७७/७८ को अवधिमा ३७ पुरुष, आठ महिला र तीन बालकले ज्यान गुमाएका छन् । उक्त अवधिमा तनहुँ खण्डमा गत वर्ष ९० स्थानमा दुर्घटना भएको थियो ।

त्यसक्रममा १२८ सवारी साधन दुर्घटनाग्रस्त भएका थिए । कार्यालयका अनुसार मोटरसाइकल र स्कुटर ६६, ट्रक/ट्याङ्कर १८, जीप/कार १७, ट्र्याक्टर १७, बस पाँच, माइक्रो चार र एउटा टिपर दुर्घटना भएको थियो । दुर्घटनामा ७६ गम्भीर र ५१ जना सामान्य घाइते भएको कार्यालयले जनाएको छ । जिल्लामा सबैभन्दा बढी दुई पांग्रे सवारी साधन दुर्घटना हुने गरेको छ । "तीव्रगतिका कारण दुई पाङ्ग्रे सवारी साधन दुर्घटनामा परेको अनुसन्धानबाट पत्ता लागेको छ", हमालले भन्नुभयो, "भर्खरका युवाले जथाभावी सवारी हाँक्ने गरेकाले यो संख्या अत्यधिक छ ।"

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# सचेत नागरिक युवाको ध्यानाकर्षण पत्र

साझाकुरा संवाददाता

हेटौंडा/ सचेत नागरिक युवा समूहले चाडपर्व नजिकँदै गर्दा हुनसक्ने यात्रु ठगी, मनपरी भाडा असुली, मोटरसाइकलले ध्वनि प्रदुषण गर्नेलगायत विषयलाई लिएर ट्राफिक प्रहरी कार्यालय मकवानपुरलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

समूहका पदाधिकारी तथा सदस्यहरुले ट्राफिक प्रहरी कार्यालय पुगेर ध्यानाकर्षणपत्र बुझाएको हो । पछिल्लो समयमा समूहले विभिन्न सामाजिक गतिविधिमा सरोकारवाला पक्षको ध्यानाकर्षण गराउँदै आइरहेको छ ।

'यो समस्या प्रत्येक वर्ष दोहोरिने गरेकोछ । चाडपर्वको समयमा यात्रुसँग विशेषगरी यातायात व्यवसायीले चर्को भाडा असुल्ने गरेको छन् । यसको नियन्त्रणका लागि हामीले ट्राफिक प्रहरीलाई अग्रीम ध्यानाकर्षण गराएका हौं । हामी सचेत युवाहरु यस विषयमा समयमै गम्भिरहुन जरुरी रहेको छ ।', सचेत नागरिक युवा समूहका अध्यक्ष शिवनारायण श्रेष्ठले ट्राफिक प्रहरीले जनताको सहजताका लागि, जनता नठगिउन् भनेर सचेत हुन समयमै निगरानी बढाउन जरुरी रहेको औंल्याएका थिए ।



युवा पुस्ताले मोटर साइकलको स्वरुप बिगारेर उच्च ध्वनी आउने गरी चलाउँदा दुर्घटनाको जोखिम बढ्नुका साथै वातावरण समेत प्रदुषित भएकोले विभिन्न स्थानमा नियमित सवारी चेकजाँचलाई कडाई गर्नुपर्ने औंल्याएका थिए ।

ध्यानाकर्षणपत्र बुझ्नु हुँदै जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव निरीक्षक गोकर्ण नेपालले महत्वपूर्ण विषयमा ध्यानाकर्षण गराएकोभन्दै आफ्नो तर्फबाट समस्या समाधानका लागि बेलैमा प्रयास गर्ने प्रतिबद्धता जनाए । 'मोटरसाइकलको स्वरुप परिवर्तन गर्ने, ध्वनि प्रदुषण रोक्न प्रहरीले नियमित काम गर्दै आइर हेका थियो । अझै थप निगरानी बढाउँछौं ।', उनले सचेत नागरिक समूहको ध्यानाकर्षणपछि यसलाई थप प्रवाभकारी बनाउने प्रतिबद्धता जनाए । चाडपर्वलाई नै लक्षित गरी ट्राफिक सप्ताहको आयोजना गर्न लागिएको उनले बताए ।

ट्राफिक प्रहरीलाई ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रममा समूह अध्यक्ष श्रेष्ठ, सचिव चुडाराज उप्रेती, सल्लाहकार सविन भट्टाचार्यसहित सदस्यहरुको उपस्थिति रहेको थियो ।

कोभिड-१९, संक्रमणका बेला सचेत नागरिक समूहले विपन्न परिवारलाई खाद्यान्न वितरण, सुरक्षाकर्मीलाई खाजा सहयोगको कार्य गर्नुका साथै नेपाल विद्युत प्राधिकरणले वक्यौता रकम उठाउन गरिरहेको ढिलाई, विद्युत अनियमित भइरहेको विषयमा प्राधिकरणको ध्यानाकर्षण समेत गराएको थियो । सामाजिक क्षेत्रमा क्रियाशील रहेका युवाहरु यस संस्थामा आबद्ध छन् ।

# १८ जनामा कोरोना संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा/ मकवानपुरमा पछिल्लो २४ घण्टामा १८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । हेटौंडा अस्पतालमा ८९ जनामा गरिएको पिसीआर परीक्षणमा १८ जनामा कोरोना संक्रमण देखिएको हो ।

१८ जनामा एन्टिजेन परीक्षण गर्दा संक्रमण नदेखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । संक्रमण पुष्टि हुनेमा सबैभन्दा बढी हेटौंडा उपमहानगर पालिकाका १६ जना रहेका छन् । मकवानपुगढी गाउँपालिकाका १ जना र मनहरी गाउँपालिकाका १ जना रहेका छन् । हाल संस्थागत आइसोलेसनमा १२ जना र होम आइसोलेसनमा १६५ जना कोरोना संक्रमित रहेका छन् ।

मंगलबार होम आइसोलेसनमा बस्ने ६ जनाले कोरोनालाई जितेका छन् । हाल जिल्लामा १७७ जना कोरोनाका संक्रिय संक्रमित रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# संविधानसभा सदस्य फुर्वा एमालेमा

साझाकुरा संवाददाता

हेटौंडा/ संविधानसभा सदस्य लिलबहादुर घिसिङ (फुर्वा) एमाले प्रवेश गरेका छन् ।

उनी पहिलो संविधानसभाको निर्वाचनमा तत्कालिन मकवानपुर क्षेत्र नम्बर १ बाट नेकपा माओवादी केन्द्र मकवानपुरबाट विजयी भएका थिए । उनी पछिल्लो समय मोहन वैद्य नेतृत्वको माओवादीमा सक्रिय थिए । मंगलबार एमाले अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी ओलीले माओवादी नेता फुर्वासहित महिला नेतृ वरिना बल तामाङलाई एमालेमा स्वागत गरेका थिए । तामाङ माओवादीको पूर्वकेन्द्रीय सदस्य समेत भएकी थिइन् ।

मकवानपुरमा स्थानीय चुनाव नजिक आएसँगै नेताहरुलाई क्षमता अनुसारको पद नदिँदा पार्टी छोड्ने र अन्य दलको पार्टी प्रवेश गर्ने लहर चलिरहेको छ । एमाले नेता एवम् संविधानसभा सदस्य प्रल्हाद लामिछानेले पनि एमालेमा आफ्नो क्षमता अनुसारको जिम्मेवारी नदिएको भन्दै माओवादी केन्द्रमा पार्टी प्रवेश गरेका थिए । उनले एमालेको बामगती प्रदेश कमिटी सदस्यबाट राजीनामा दिएको सार्वजनिक गरेका थिए ।

# जन्मदिनमा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/ जन्मदिनको अवसरमा कपडा व्यवसायी नेत्रप्रसाद खतिवडाले मकवानपुर उद्योग वाणिज्य संघलाई सहयोग गरेका छन् ।

संघले निर्माण गरिरहेको अतिथि सदनको निर्माण कार्य पूरा गर्न सहयोग पुग्ने अपेक्षासहित खतिवडाले मंगलबार ५१ हजार रुपैयाँ सहयोग गरेका हुन् । खतिवडाले स्वर्गीय बुबा मेघनाथ खतिवडाको स्मृतिस्वरुप ५१ हजार रुपैयाँ सहयोग गरेका थिए ।

मकवानपुर उद्योग वाणिज्य संघले नियमित आय स्रोतको रुपमा विकास गर्ने गरी हेटौंडा-२ मा पल्पसा सदन निर्माण गरेको हो । निर्माणको अन्तिम चरणमा रहेको पल्पसा सदनको लागत करिब साढे ४ करोड रुपैयाँ अनुमान गरिएको संघका अध्यक्ष कृष्ण कटुवालले जानकारी दिए ।

संघकै कोष, पदाधिकारी, सदस्य व्यवसायीको सहयोगमा निर्माणाधिन पल्पसा सदनलाई स्थानीय सरकार र प्रदेश सरकारले पनि सहयोग गरेको छ ।

बागमती प्रदेश सरकारले ३० लाख रुपैयाँ सहयोग गरेको छ भने हेटौंडा उपमहानगर पालिकाले नक्सा पास शूल्क छुट गर्नुका साथै ५ लाख रुपैयाँ पनि सहयोग गरेको छ । 'हाम्रो लामो समयको प्रयासपश्चात् पल्पसा सदनको निर्माण अन्तिम चरणमा पुगेको छ ।



**अन्नको भण्डारण:** हेटौंडा-१८, हनार्माडीमा परम्परागत तवरबाट मकैको भण्डारण गरिँदै । गाउँघरमा अझै पनि मकैलाई झुत्ता पारेर यसैगरी झुण्ड्याएर राख्ने गरिएको छ । *तस्वीर: श्रीजना नेपाल*

# एफसी विजय युथ क्लब पराजित

साझाकुरा संवाददाता

हेटौंडा/ सी डिभिजन लिग छनोट खेलमा मकवानपुरको एफसी विजय युथ क्लब पराजित भएको छ ।

मंगलबार बिहान ललितपुरस्थित एन्फा कम्प्लेक्समा भएको खेलको अन्तिम समयमा सम्हालिन नसक्दा एफसी विजय युथ पराजित भएको हो । समूह चरणको पहिलो खेलमा भ्याली इगल्स क्लबसँग एफसी विजय युथ १-० गोलअन्तरले पराजित भएको हो । निर्धारित ९० मिनेटको खेल अवधिमा गोलरहित बराबरीको स्थिति थियो । इन्जुरी समयको तेस्रो मिनेटमा भ्याली इगल्स क्लबका नवीन कुमार यादवले गोल गर्दै जीत दिलाएका हुन् । चौधरी म्यान अफ दि म्याच घोषित भए ।




पहिलो खेलमा पराजित भएसँगै विजय युथलाई अघिल्लो चरणको यात्रा तय गर्न समस्या देखिएको छ । अब विजय युथलाई अर्को चरणमा पुग्न बाँकी रहेको एक खेल जितेर मात्र पुग्दैन । अर्को टिमको नतीजामा पनि भरपर्नुपर्ने अवस्था सिर्जना भएको छ । खेलमा विजय युथले धेरै मौका प्राप्त गरेपनि गोल गर्न नसक्दा हार व्यहोर्न बाध्य भएको हो । विजय युथ गतवर्ष पनि लिग चरणमै पराजित भएर छनौट हुन असफल भएको थियो ।

सी डिभिजन लिग छनौटमा मकवानपुरबाट दुईवटा टोलीको सहभागिता रहेको छ । मकवानपुर बाट प्रतिनिधित्व गरेको आरआर एफसीले पहिलो खेलमा जित हात पार्दै दोस्रो चरण नजिक पुगेको छ ।

# रिजाल इलेक्ट्रोनिक एण्ड मोबाइल सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा/ हेटौंडा-१ स्थित उद्योग बाणिज्य संघ अगाडि रिजाल इलेक्ट्रोनिक एण्ड मोबाइल सञ्चालनमा आएको छ । हेटौंडामा लामो समयदेखि मोबाइल विक्री तथा मर्मत गर्दै आएको रिजाल मोबाइलको अर्को प्रस्तुतीको रुपमा नयाँ व्यवसायको सुरुवात भएको हो ।

मउवा संघका अध्यक्ष कृष्ण कटुवालले पसलको उद्घाटन गरेका हुन् । उद्घाटनमा संघका बरिष्ठ उपाध्यक्ष माधव न्यौपाने, हेटौंडा उपमहानगरपालिका १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने, मोबाइल एशोसिएसन मकवानपुरका अध्यक्ष दिनेश लामा, संस्थापक अध्यक्ष छतेन्द्र आचार्यलगायतको आतिथ्यता थियो ।



प्रदेशको राजधानी हेटौंडामा अन्तर्राष्ट्रिय ब्राण्डका ईलेक्ट्रोनिक सामग्री विक्री गर्ने उद्देश्यका साथ पसल सञ्चालनमा ल्याइएको सञ्चालक एदिश रिजालले जानकारी दिए । सामसुङ, एमआई र यशुदा ब्राण्डको टिभीका साथै सामसुङ, सीजी र यशुदाको फ्रिज तथा घरका लागि चाहिने सम्पूर्ण ईलेक्ट्रोनिक सामानहरु एउटै छानामुनी पाइने उनले बताए ।

करिब ५० लाखको लगानीमा पसल सञ्चालनमा ल्याइएको हो । 'मकवानपुरमा रहेर हामीले बर्षौंदेखि मोबाइल विक्री तथा मर्मतको काम गर्दै आएका थियौं । ग्राहकको मागलाई मध्यनजर गर्दै ईलेक्ट्रोकिन पसल पनि सञ्चालनमा ल्याएका हौं', सञ्चालक एसीस रिजालले भने, 'किस्ताबन्दीमा सामान उपलब्ध गराउने तयारी पनि गरिरहेका छौं । व्यवसायिक अनुभवलाई संगाल्दै सेवा प्रवाहमा कुनै कन्ज्युस्याइँ नगरी ग्राहकको सेवामा समर्पित हुनेछौं ।' गुणस्तरीय सामग्रीको लागि रिजाल इलेक्ट्रोनिकलाई सम्झिनुपर्ने उनको भनाइ छ । चाडपर्वको समयमा विशेष छुटको व्यवस्था समेत गरिएको उनले जानकारी दिए ।





पसल बिक्रीमा

हेटौंडा-४, स्कूलरोड स्थित चालु अवस्थामा रहेको लेडिज फेन्सी पसल विशेष कारणवस बिक्रीमा गर्नुपर्ने भएकोले खरिद गर्न चाहनुहुने ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८०४२५५०७३




जन्मदिनमा सहयोग




Narayani College/TMMSS
Under the Managment of SARC Education Foundation
SARC OPEN SCHOOL
+2
Science
Computer Science
Management
Hotel Management
Up to 100% Scholorship
SARC OPEN SCHOOL & BUSINESS COLLEGE
Hetauda-10, Bhutandevi Temple Road, Makawanpur
Contact : 057-522136, 057-521876
Website : www.sarceducation.com

प्राइम लाइफ
प्रधानकार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल


| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १५७००००७० | विशालओली | हेटौडा -०३, मकवानपुर |

ADMISSION OPEN FOR 2021
@
HETAUDA CITY COLLEGE/ZENITH
Now Open for Registration
"Take Right Decision For Right Education"
Programme:-
- Commerce
- Science
- Hotel Management
- Computer Science
- Business Studies

ENROL NOW
Contact us :-
HETAUDA CITY COLLEGE/ZENITH
Hetauda-5, Piple ☎057-520750, 526660
Email:- hetaudacitycollege.official@gmail.com




सहज यात्राका लागि गाडी भाडामा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४५३८९११६





साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना, हेटौंडा-१, चौकीटोल